# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं


मिति: २०७५।०७।११ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

-----------------------------------------------

प्रहरी प्रधान कार्यालय, नक्शाल काठमाडौंमा कार्यरत प्राविधिक प्रहरी नायव निरीक्षक रामबहादुर सिंह भण्डारी क्षेत्रीले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सरकारी सेवामा बाहाल रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश, भारत अन्तर्गत Sarvodaya H.S. School Nawada Basti बाट प्राप्त गरेको ईन्टरमिडियट (I.A.) तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी पदमा नियुक्ति भै सरकारी लाभ तथा सुविधा समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र २९(२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ मिति २०७५।७।९ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता